# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९


## बुलिङटार गाउँपालिका
### नवलपरासी (बर्दघाट सुस्ता पूर्व)




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## बुलिङटार गाउँपालिका
### नवलपरासी (बर्दघाट सुस्ता पूर्व)




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## बुलिङटार गाउँपालिका

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको,  उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी

पत्र संख्याः २०७८।७९
च.नं. ९२

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख/अध्यक्ष ज्यू ,
बुलिङ्गटार गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, नवलपरासी (ब.सु.पू.)।

**कैफियत सहितको राय**

हामीले बुलिङ्गटार गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ३ करोड ९४ लाख ८० हजार बेरुजू देखिएको छ। सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ३ लाख ४३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६२ लाख ६१ हजार, नियमित गर्नुपर्ने रु. १ करोड २२ लाख ७५ हजार र पेश्की रू. २ करोड ६ लाख १ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ७ करोड ५ लाख ३६ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष सम्परीक्षण वाट रु. ६१ हजार पछ्यौट भई हालसम्मको अद्यावधिक बेरुजू रु. १० करोड ९९ लाख ५५ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

## बुलिङ्गटार गाउँपालिका, नवलपरासी (ब.सु.पू.)

### १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४३ | २८ | ३९४८० | ० | ० | ० | ४३ | २८ | ३९४८० | ३४३ | १२२७५ | ६२६१ | ० | ० | १८५३६ | २०६०१ |

### २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बुलिङ्गटार गाउँपालिका नवलपरासी (ब.सु.पू.) | ७०५३६ | ० | ६१ | ७०४७५ | ० | ३९४८० | १०९९५५ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बुलिङटार गाउँपालिका, नवलपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बिशाल मिश्रा | २०७९-५-१५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | सिताराम खनाल | २०७८-६-११ | २०७९-३-३२ |
| लेखा प्रमुख | बाबुराम तिवारी | २०७७-१२-२३ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३९,४८०,०१२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १४,३६,७२,८२७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४०,८८,५२,८९४ | **चालु खर्च** | २४,१६,६२,७७० |
| **प्रदेश सरकारबाट अनुदान** | १,४७,४३,००० | **पूँजीगत खर्च** | १६,४७,८५,५३८ |
| **राजश्व बाँडफाँट** | ७,५२,०४,६८३ | **वित्तीय/अन्य व्यवस्था** | ११,४०,२६,५०० |
| **आन्तरिक आय** | ३५,०६,९९८ | | |
| **अन्य आय** | ५१,५२,१७३ | | |
| **कुल आय** | ५०,७४,५९,७४८ | **कुल खर्च** | ५२,०४,७४,८०८ |
| **बाँकी मौज्दात** | | १३,०६,५७,७६७ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७९।१०।९ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचयः<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ६ वडा, ३५ सभा सदस्य, १४७.६८ वर्ग किलोमिटर क्षेत्रफल तथा १९६५६ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>सञ्चितकोषको हिसाबः<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः
<table>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="3">गतवर्ष रु.</td><td></td><td></td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>जम्मा</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>४४,०४,७२,९४२.००</td><td>४३,२२,१२,६१७.४४</td><td>४३,२२,१२,६१७.४४</td><td>३०,८३,०७,६८३.५४</td><td>३०,८३,०७,६८३.५४</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>४४,०२,६४,०००.००</td><td>४३,०५,५८,९४५.४४</td><td>४३,०५,५८,९४५.४४</td><td>३०,२९,४१,८१२.५४</td><td>३०,२९,४१,८१२.५४</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ११००० कर | ११ | ७,५२,२९,०००.०० | ७,२६,६०,२३८.०१ | ७,२६,६०,२३८.०१ | ६,९१,०२,२३३.२९ | ६,९१,०२,२३३.२९ |
| १३००० अनुदान | | ३५,७२,३५,०००.०० | ३५,१७,३५,०००.०० | ३५,१७,३५,०००.०० | २३,१३,४०,०५३.०० | २३,१३,४०,०५३.०० |
| संघीय सरकार | १२ | ३३,७४,९२,०००.०० | ३३,६९,९२,०००.०० | ३३,६९,९२,०००.०० | २१,९१,८२,०५३.०० | २१,९१,८२,०५३.०० |
| प्रदेश सरकार | १२ | १,९७,४३,०००.०० | १,४७,४३,०००.०० | १,४७,४३,०००.०० | १,२१,५८,०००.०० | १,२१,५८,०००.०० |
| १४००० अन्य राजस्व | | ७८,००,०००.०० | ६१,६३,७०७.४३ | ६१,६३,७०७.४३ | २४,७०,४२६.२५ | २४,७०,४२६.२५ |
| १५००० विविध प्राप्ति | | ० | ० | ० | २९,१००.०० | २९,१००.०० |
| ख. अन्य प्राप्ति | | २,०८,९४२.०० | १६,५३,६७२.०० | १६,५३,६७२.०० | ५३,६५,८७१.०० | ५३,६५,८७१.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | १,८७,५००.०० | १,८७,५००.०० | ३०,०६,२७१.०० | ३०,०६,२७१.०० |
| कोषहरु | | २,०८,९४२.०० | ० | ० | ० | ० |
| धरौटी | | ० | १४,६६,१७२.०० | १४,६६,१७२.०० | २३,५९,६००.०० | २३,५९,६००.०० |
| भुक्तानी (ग+घ) | | ५४,०१,१०,८२४.०० | ४०,७०,८९,३११.२२ | ४०,७०,८९,३११.२२ | २९,८२,४७,५८२.८४ | २९,८२,४७,५८२.८४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५३,९९,०१,८८२.०० | ४०,६४,४८,३०८.८२ | ४०,६४,४८,३०८.८२ | २९,४८,७२,९१३.८४ | २९,४८,७२,९१३.८४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १४,३४,७३,०००.०० | १२,४४,३३,५६२.४० | १२,४४,३३,५६२.४० | ११,२०,३९,०६१.०० | ११,२०,३९,०६१.०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ११,३९,२९,३००.०० | ८,१७,८८,२२३.०० | ८,१७,८८,२२३.०० | ५,५४,८९,५०६.८४ | ५,५४,८९,५०६.८४ |
| २५००० सहायता (Subsidy) | १८ | ४,१६,२८,०००.०० | २,८१,६८,७७८.०० | २,८१,६८,७७८.०० | १,९८,५२,२७४.०० | १,९८,५२,२७४.०० |
| २६००० अनुदान | १८ | ३७,९४,०००.०० | ० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | ८७,४१,७००.०० | ४९,५८,१३६.०० | ४९,५८,१३६.०० | २१,४८,४६६.०० | २१,४८,४६६.०० |
| २८००० अन्य खर्च | १८ | ६८,१५,८८२.०० | २३,१४,०७१.०० | २३,१४,०७१.०० | ७५,१४,७७७.०० | ७५,१४,७७७.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २२,१५,२०,०००.०० | १६,४७,८५,५३८.४२ | १६,४७,८५,५३८.४२ | ९,७८,२८,८२९.०० | ९,७८,२८,८२९.०० |
| घ. अन्य भूक्तानी | | २,०८,९४२.०० | ६,४१,००२.४० | ६,४१,००२.४० | २९,८२,४७,५८२.८४ | २९,८२,४७,५८२.८४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कोषहरु</td><td></td><td>२,०८,९४२.००</td><td>१,९९,९५०.००</td><td>१,९९,९५०.००</td><td>३०,४०,६६९.००</td><td>३०,४०,६६९.००</td></tr>
<tr><td>धरौटी</td><td></td><td>०</td><td>९,६०,२७९.००</td><td>९,६०,२७९.००</td><td>३,३४,०००.००</td><td>३,३४,०००.००</td></tr>
<tr><td>कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी</td><td></td><td></td><td>(५,१९,२२६.६०)</td><td>(५,१९,२२६.६०)</td><td></td><td></td></tr>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td></td><td>(९,९६,३७,८८२.००)</td><td>२,५१,२३,३०६.२२</td><td>२,५१,२३,३०६.२२</td><td>१,००,६०,१००.७०</td><td>१,००,६०,१००.७०</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td></td><td>१०,११,९६,५१५.९१</td><td>१०,११,९६,५१५.९१</td><td>१२,९८,०३,९०३.५७</td><td>१२,९८,०३,९०३.५७</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td></td><td>(९,९६,३७,८८२.००)</td><td>१२,६३,१९,८२२.१३</td><td>१२,६३,१९,८२२.१३</td><td>१३,९८,६४,००४.२७</td><td>१३,९८,६४,००४.२७</td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td>२४</td><td></td><td>१२,६३,१९,८२२.१३</td><td>१२,६३,१९,८२२.१३</td><td>१०,५३,७५,२५१.४१</td><td>१०,५३,७५,२५१.४१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः</td><td></td></tr>
<tr><td>४.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ३ ऐन, ४ नियमावली, १४ कार्यविधि, १ निर्देशिका, र १ मापदण्ड समेत २३ कानून एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०७४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४.२ | | | **सम्पत्तिको संरक्षण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख, मर्मत संम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ। गाउँसभाले सम्पत्ति संरक्षणको लागि चाहिने आवश्यक प्रबन्ध गरेको देखिएन । | |
| ४.३ | | | **नक्सा पास र मुल्याङ्कन - स्था**निय सरकार संचालन ऐन, २०७४ को दफा २७ को १ अनुसार कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ। तोके बमोजिम संरचना निर्माण गर्नुपुर्व गाउँपालिकाबाट त्यसको नक्सा पास गर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वियन र मुल्याङ्कन प्रणालीलाइ यथार्थपरक बनाउनुपर्दछ । घर जग्गा मुल्याङ्कन गर्ने बैज्ञानिक प्रणालीको अवलम्वन गरी पक्का ढलान, पक्का जस्तापाताको प्रति वर्गफिट कति लागत पर्दछ सो यकिन गरिनु पर्दछ । मालपोत कार्यालयमा लिखत पारितको लागि पठाइएको मुल्याङ्कन प्रतिवेदन यथार्थपरक नभै अनुमानको भरमा लेख्ने गरेको पाइएकोले सोमा सुधार हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.४ | | | **जिन्सी निरीक्षण प्रतिबेदन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ बमोजिम तयार गरिएको जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित लिलाम बिक्री गर्नुपर्ने जिन्सी मालसामान नियम १०६ बमोजिम एक महिनाभित्र प्रक्रिया शुरु गर्नुपर्ने तथा नियम ९९(४) बमोजिम मर्मत सम्भार गर्नुपर्ने मालसामानको हकमा तिन महिना भित्र मर्मत सम्भार गरिसक्नु पर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम लिलाम बिक्री तथा मर्मत सम्भार गर्नुपर्ने कार्य नगरेकोले नियमानुसार गर्नुपर्ने देखिन्छ । | |
| ४.५ | | | **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन। ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।<br><br>**प्रगति प्रतिवेदनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७० को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम गर्न कार्यालयले अनुसूची २ बमेजिसको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तोकिएको निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नियमानुसार प्रगति विवरण बनाई तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । अत: तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| ५ | | | **बजेट तथा कार्यक्रमः** | |
| ५.१ | | | **अबण्डा बजेट–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.२ करोड ४६ लाख ५५ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको २०७८।१०।२० को निर्णयबाट चालुतर्फ भैपरी आउने शीर्षकमा रु.६५ लाख ५५ हजार र पूँजीगततर्फ भैपरी आउने शीर्षकमा रु.१ करोड लाख ८१ हजार बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.२ | | | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष मैना वि.क.ले २०७८।३।१० गते रु.५१ करोड २१ लाख २९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।६।१८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । यस सम्बन्धमा कार्यालयले प्रशासकीय प्रमुख बजेट कार्यान्वयनको क्रममा परिवर्तन भएकोले अख्तियारीमा ढिला भएको भन्ने जवाफ दिएको छ । | |
| ५.३ | | | **चौमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |
| ५.४ | | | **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

(५.३ अन्तर्गतको तालिका)

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | संघिय सरकार | 177523 | 41907 | 28534 | 107082 | 64898 |
| २ | प्रदेश सरकार | 5000 | 0 | 0 | 5000 | 5000 |
| ३ | पालिका | 228925 | 21582 | 55840 | 151503 | 70352 |
| ४ | कूल खर्च: | 411448 | 63489 | 84374 | 263585 | 140250 |
| | खर्च प्रतिशत | | 15.43 | 20.51 | 64.06 | 34.09 |

(५.४ अन्तर्गतको तालिका)

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक विकास / 76895000 / 45582966 / 11.21 | |

| | | | |
|---|---|---|---|
| आर्थिक विकास | 76895000 | 45582966 | 11.21 |
| सामाजिक क्षेत्र | 294896000 | 235467569 | 57.93 |
| पूर्वाधार विकास क्षेत्र | 8526000 | 63059129 | 15.51 |
| वित्तिय व्यवस्थापन र सुशासन | 16609700 | 9663251 | 2.38 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 66241182 | 52675393 | 12.96 |
| जम्मा | 463167882 | 406448308 | 100.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.५ | | | **खर्च खर्च विश्लेषण-** पालिकाले यो बर्ष कुल आन्तरिक आयबाट रु• ६६१७४९९।- , राजश्व बाँडफाँड र अनुदानबाट रु• ४२,६९३९६८३।-,सामाजिक सुरक्षा र कोष (अन्यआय)रु•७३९०२५६६।- तथा गतवर्षको जिम्मेवारी रु.१४३६७२८२७।- समेत गरि रु.६५११३२५७५।- जम्मा आम्दानी भएकोमा चालु तर्फ रु. २४१६६२७७०।- , पूँजीगत तर्फ रु. १६,४७८५५३८।- र सामाजिक सुरक्षा र कोष (बित्तीय ब्यबस्था) तर्फ रु.११४०२६५००।- समेत रु. ५२०४७४८०८।- जम्मा खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.६८,३७,९००।- खर्च भएको छ, जुन आन्तरिक आयको १०३•३३ प्रतिशत रहेको छ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४६.४३ प्रतिशत चालु ३३•६६ प्रतिशतमात्र पूँजीगत निर्माणमा तथा सामाजिक सुरक्षा र कोष (वित्तीय व्यवस्था) १९.९१ प्रतिशत खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| ५.६ | | | **योजना र कार्यान्वयन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम रु. |
|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>18</td><td>888000</td></tr>
<tr><td>२</td><td>रु १ लाख एक देखि ५ लाख सम्मका योजना</td><td>233</td><td>59352000</td></tr>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>50</td><td>44850000</td></tr>
<tr><td>४</td><td>१० लाख एक देखि ५० लाख सम्मका योजना</td><td>24</td><td>44300000</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>6</td><td>59000000</td></tr>
<tr><td></td><td>जम्मा</td><td>331</td><td>208390000</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५.७</td><td></td><td></td><td>
कार्यक्रम तथा प्रगति- तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ । ।यस सम्बन्धमा पालिकाले योजनाहरुमा बजेट न्यून विनियोजन, जग्गा विवाद तथा लागत सहभागिता नभएकोले योजना कार्यान्वयन नभएको भन्ने जवाफ दिएको छ । पूँजीगत कार्यक्रम तर्फ शून्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्:
<table>
<tr><th>सि.नं.</th><th>कार्यक्रम/आयोजना/क्रियाकलापको नाम</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च (%)</th></tr>
<tr><td>१</td><td>लादिखोला पहिलो लघुजलविद्युत</td><td>१००</td><td>0</td><td>0</td></tr>
<tr><td>२</td><td>डाडाथोक कुवा</td><td>४३</td><td>0</td><td>0</td></tr>
<tr><td>३</td><td>रोहटे कुलो मर्मत</td><td>१००</td><td>0</td><td>0</td></tr>
<tr><td>४</td><td>डाडाथोक कुवा</td><td>१५७</td><td>0</td><td>0</td></tr>
<tr><td>५</td><td>सतिघाट खानेपानी बुलिङटार ३</td><td>२००</td><td>0</td><td>0</td></tr>
<tr><td>६</td><td>धावदि खानेपानी</td><td>२००</td><td>0</td><td>0</td></tr>
<tr><td>७</td><td>वडा न् २ भवन निर्माण क्रमागत</td><td>१२०</td><td>0</td><td>0</td></tr>
<tr><td>८</td><td>सेतिनाग मा वि गेट निर्माण</td><td>५००</td><td>0</td><td>0</td></tr>
<tr><td>९</td><td>तल्लो अर्खला अधुरो भवन</td><td>५००</td><td>0</td><td>0</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १० | वडा नं ४ को वडा कार्यालय मर्मत | ५०० | 0 | 0 |
| ११ | सतिकोट बंगुर खोर व्यवस्थापन | ७०० | 0 | 0 |
| १२ | ओखले खानेपानी वडा हं १ | १०० | 0 | 0 |
| १३ | सिंचाङ सामुदायिक भवन रङरोगन तथा व्यवस्थापन | २०० | 0 | 0 |
| १४ | भैपरी आउने पूँजीगत | १०५५ | 0 | 0 |
| १५ | दुर्गा भवानी मन्दिर घेराबार | १५० | 0 | 0 |
| १६ | रामकोट रिङरोड निर्माण | २०० | 0 | 0 |
| १७ | बोझादेखि गोटडाडा मोटरबाटो निर्माण | २०० | 0 | 0 |
| १८ | साधखोला बगैचा साना लघुजलविद्युत | १०० | 0 | 0 |
| १९ | पचासे कुलो | १०० | 0 | 0 |
| २० | साधखोला फेदी कुलो मर्मत | १०० | 0 | 0 |
| २१ | बोझा खानेपानी मर्मत | ५० | 0 | 0 |
| २२ | बोझा खानेपानी मर्मत | ५० | 0 | 0 |
| २३ | चर्च भवन निर्माण | ५०० | 0 | 0 |
| २४ | मथार सामुदायिक भवन निर्माण | ४०० | 0 | 0 |
| २५ | माथिल्लो बाझगरा देखि सुन्दर चोक मोटरबाटो | २०० | 0 | 0 |
| २६ | कमलीकोट खानेपानी मर्मत | २०० | 0 | 0 |
| २७ | उपल्लो अर्खला ढलनिकास | ५०० | 0 | 0 |
| २८ | कुटिया गाग्रीखोला मोटरबाटो विस्तार | २०० | 0 | 0 |
| २९ | लापाक जलविधुत मेसिन मर्मत | ५० | 0 | 0 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३० | राइकोट खेलमैदान ग्याबिन | ३५० | 0 | 0 |
| ३१ | जौबारी भलिबल ग्राउण्ड मर्मत तथा जाली बार निर्माण | २०० | 0 | 0 |
| ३२ | गेझा धन्सारबारी मोटरबाटो | २०० | 0 | 0 |
| ३३ | भदौरी तटबन्धन | २५० | 0 | 0 |
| ३४ | गाग्रेखोला चनौ६े कुलो मर्मत | १५० | 0 | 0 |
| ३५ | हडाहा दमैगाउ देउपुर ठटरी खानेपानी कुवा मर्मत | १५० | 0 | 0 |
| ३६ | विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति | १००० | 0 | 0 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **वित्तीय विवरण परीक्षणः** | |
| ६.१ | | | **एकीकृत आर्थिक संकेत-** सरकारको आम्दानी, खर्च र सम्पत्ति तथा दायित्वलाई अन्तर्राष्ट्रिय मानदण्ड अनुरूप बनाउने उद्देश्यले महालेखापरीक्षकको कार्यालयबाट आर्थिक वर्ष २०७४।७५ देखि स्थानीय तहमा लागु हुने गरी एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ तयार गरी कार्यान्वयन गरिएकोमा गाउँपालिकाले सो बमोजिम लेखा राखेको पाईएन । अतः गाउँपालिकाले एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम राजश्व तथा खर्च संकेत अनुसार लेखा राख्नुपर्दछ । | |
| ६.२ | | | **वार्षिक प्रतिबेदन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र वार्षिक प्रतिबेदन तयार गरी मन्त्रालय, विभाग, कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा वार्षिक प्रतिबेदन तयार गरेको छैन ।तसर्थ कार्यालयले नियमको पालना गरी वार्षिक प्रतिबेदन तयार गर्नुपर्दछ । | |
| ६.३ | | | **बैक हिसाब मिलान नगरेको –** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु. | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१</td><td>23301017500025</td><td>199992</td><td>398992</td><td>199000</td></tr><tr><td>२</td><td>233010175</td><td>41221574.8</td><td rowspan="2">122680546.1</td><td rowspan="2">188861</td></tr><tr><td>३</td><td>790000141</td><td>81647832.4</td></tr></table></td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>कानून निर्माण एवं कार्यान्वियनः<br><br>ऐनको परिपालना तथा कार्यान्वियन- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७) मा गाउँपालिकाले गाउँसभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८(५)मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।यस गाउँपालिकाले कतिपय कार्यक्रम गाउँसभाबाट स्वीकृत कार्यक्रम भन्दा गाउँकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो।गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन।यसबाट गाउँसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन । गाउँपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>आन्तरिक लेखा परीक्षणः<br><br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७८।७९ को सम्पूर्ण आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>कर्मचारी व्यवस्थापन र सेवा प्रवाहः</td><td></td></tr>
<tr><td>९.१</td><td></td><td></td><td>कर्मचारी करार – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिक तर्फ ३३ र प्रशासन तर्फ २७ समेत ६० कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा प्राविधिक तथा</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रशासनिक कर्मचारी समेत ३७ जनाको मात्रै पदपूर्ती भएको स्थिती तथा विभिन्न पदमा १९ जना कर्मचारीहरु करारमा राखी रु. ९० लाख खर्च लेखेको छ । यस सम्बन्धा पालिकाले लोक सेवा आयोगमा माग आकृति फारम समय नपठाएकोले पदपूर्ती हुन नसकेको देखियो ।</td><td></td></tr>
<tr><td>९.२</td><td></td><td></td><td>सेवा प्रवाह- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। गाउँपालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्ध विच्छेद दर्ता ८६२ नाता प्रमाणित ३३८ घरवाटो सिफारिस १४५ नागरिकता सिफारिस ९७९ गरेको पाइयो। अन्यमा ५९८८ वटा देखाइएकोमा अन्य कुन–कुनमा हो भनी यकिन हुन सकेन ।गाउँपालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा अभिलेख राखेको छैन।गाउँपालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>रोजगार कार्यक्रमः<br><br>प्रधानमन्त्री रोजगार कार्यक्रम – स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा गोरेटोबाटो, सिडि तथा बाटो सोलिङ निर्माण जस्ता कार्यक्रम सञ्चालन गरी यस वर्ष १७९ जनालाई रोजगारी उपलब्ध गराई रु.४६८१२०१ खर्च गरेको छ । लक्षित वर्गलाई ३० दिनदेखि ८० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>राजस्व आन्तरिक नियन्त्रणः</td><td></td></tr>
<tr><td>११.१</td><td></td><td></td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छः
<table>
<tr><td colspan="5">आ.व. : २०७८/७९ प्रकार : आन्तरिक राजस्व खाता महिना : असार (रु. हजारमा)</td></tr>
<tr><td>सि.नं.</td><td>आम्दानी शीर्षक</td><td>अनुमान</td><td>आम्दानी</td><td>असूली प्रतिशत</td></tr>
<tr><td>१</td><td>भुमिकर/मालपोत</td><td>५०००००.</td><td>५९७०५४.</td><td>११९.४१</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>घरजग्गा रजिष्टेशन दस्तुर</td><td>५००००००.</td><td>०.</td><td>०.</td></tr>
<tr><td>३</td><td>घरवहाल कर</td><td>२०००००.</td><td>१२३१०२.</td><td>६१.५५</td></tr>
<tr><td>९</td><td>नक्सापास दस्तुर</td><td>१०००००.</td><td>९२९०.</td><td>९.२९</td></tr>
<tr><td>१०</td><td>सिफारिश दस्तुर</td><td>५०००००.</td><td>७०१४५०.</td><td>१४०.२९</td></tr>
<tr><td>११</td><td>व्यक्तिगत घटना दर्ता दस्तुर</td><td>१०००००.</td><td>२१९६००.</td><td>२१९.६</td></tr>
<tr><td>१२</td><td>नाता प्रमाणित दस्तुर</td><td>१०००००.</td><td>७६६००.</td><td>७६.६</td></tr>
<tr><td>१३</td><td>व्यावसाय रजिष्ट्रेशन दस्तुर</td><td>३०००००.</td><td>२८४९९८.</td><td>९५.</td></tr>
<tr><td>१४</td><td>अन्य राजस्व</td><td>२०००००.</td><td>१६०७१६८.</td><td>८०३.५८</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२५०००००.</td><td>३६१९२६२.</td><td>१४४.७७</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । पालिकाले पेश गरेको एकिकृत आय व्यय विवरणमा आन्तरिक आय तर्फ रु. ३५०६९९८।- आम्दानी देखाएकोमा सुत्रबाट तयार भएको आन्तरिक राजश्व खातामा रु.३६१९२६२।- देखिन्छ । यसरी एकिकृत आय व्यय र सुत्रबाट तयार भएको विवरणमा फरक देखिएको रकम सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>११.२</td><td></td><td></td><td>
राजश्व वाँडफाँड- स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु.
<table>
<tr><th>आय शीर्षक</th><th>संकलित रकम</th><th>प्रदेशलाई पठाउनु पर्ने प्रतिशत</th><th>पठाएको रकम</th><th>पठाउन बाँकी रकम</th></tr>
<tr><td>अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी</td><td>928380</td><td>40</td><td>0</td><td>371352</td></tr>
</table>
</td><td>३७१,३५२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>विविध, उपभोक्ता समिति र सवारी साधनः</td><td></td></tr>
<tr><td>१२.१</td><td></td><td></td><td>खाना तथा विविध खर्च – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. ३० लाख खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२.२</td><td></td><td></td><td>आर्थिक सहायता– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले आगलागि, बाढिपहिरो तथा दृघरोगी प्रयोजनको लागि विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.४ लाख ५० हजार आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२.३</td><td></td><td></td><td>उपभोक्ता समिति दर्ता - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न २९५ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु १३६००००००।- भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२.४</td><td></td><td></td><td>डीपीआर खर्च – बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>डिपिआर खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको लागत</th></tr>
<tr><td>१० बेड हस्पिटल डिपिआर</td><td>एम्बिएन्स कन्सल्टेन्सी</td><td>1200000</td><td>1194975</td><td>158802036</td></tr>
<tr><td>सडक गुरु योजना</td><td>झिरु इन्जिनियरिङ</td><td>1200000</td><td>1194409</td><td>473140000</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>ढाँसी भारतिपर मोटरबाटो</td><td>मेन स्टिम कन्सल्टेन्सी</td><td>500000</td><td>500000</td><td>123585615</td></tr><tr><td>घुमारी खजुरी चक्रपथ</td><td>मेन स्टिम कन्सल्टेन्सी</td><td>500000</td><td>497899</td><td>84249569</td></tr><tr><td>जम्मा:</td><td></td><td>3400000</td><td>3387283</td><td>839777220</td></tr></table> यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाले प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । यस सम्बन्धमा पालिकाले डिपिआर निर्माणको क्रममा प्राविधिक जनशक्ति पदपूर्ती भइ नसकेको कारण परामर्शदाताबाट सेवा खरिद गर्नुपरेको जवाफ दिएता पनि यसरी अध्ययन प्रतिवेदन तयार भएका कतिपय आयोजनाहरु कार्यान्वयनमा गएको नदेखिएकोले खर्चको सार्थकता देखिएन । | |
| १२.५ | | | **सवारी साधन खरिद –** अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. ५३४७२३।- खर्च गरेका छन् । | |
| १३ | | | **पेश्की व्यवस्थापनः**<br><br>**पेश्की-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा चालु आर्थिक वर्षको मसान्तसम्म पेश्की फस्यौंट गरी सक्नुपर्ने व्यवस्था छ। कार्यालयले चालु आर्थिक वर्षको मसान्तसम्म म्याद ननाघेको रु.५९५००००।- तथा म्याद नाघेको रु.२०६००६२२ ।- समेत जम्मा रु.२६५५०६२२।- पेश्की फर्छ्यौट गर्न बाँकी देखिएको छ ।नियममा व्यवस्था भए बमोजिम कार्यालयले पेश्की फर्छ्यौट गर्नुपर्दछ ।<br><br><table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>१३.१</td><td>झिल ताल निर्माण उ.स. २०७८।१२।१७</td><td>१,५०,०००</td></tr><tr><td>१३.२</td><td>त्रिभुवन माध्यामिक विद्यालय २०७८।११।२२</td><td>१८,००,०००</td></tr><tr><td>१३.३</td><td>शहिद शुक्र मा.वि. २०७९।२।१६</td><td>४,३६,०००</td></tr></table> | २०,६००,६२२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१३.४</td><td>जनजागृति मा.वि. २०७९।३।१६</td><td>११,००,०००</td></tr>
<tr><td>१३.५</td><td>जनजागृति मा.वि. २०७९।३।२५</td><td>२५,००,०००</td></tr>
<tr><td>१३.६</td><td>घुमारी पर्यटकिय पूर्वाधार निर्माण उ.स. २०७८।७।२८</td><td>३०,००,०००</td></tr>
<tr><td>१३.७</td><td>तल्लो अर्खला अधुरो भवन निर्माण उ.स. २०७८।११।२३</td><td>३,५०,०००</td></tr>
<tr><td>१३.८</td><td>ओखल करङ भन्ज्याङ मोटरबाटो उ.स. २०७८।११।३०</td><td>१०,००,०००</td></tr>
<tr><td>१३.९</td><td>त्रिभुवन मा.वि. मिति २०७८।१२।३०</td><td>३०,७९,६२२</td></tr>
<tr><td>१३.१०</td><td>त्रिभुवन मा.वि. मिति २०७९।३।२५</td><td>७१,८५,०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४</td><td>८४</td><td>२०७९-१-९</td><td>सामाजिक तथा आर्थिक लेखापरीक्षण<br><br>,स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय मध्ये आधारभुत तह ( कक्षा १ देखि ५, कक्षा १ देखि ८) सञ्चालित विद्यालयहरुको लागि प्रति विद्यालय रु १० हजारका दरले र माध्यामिक तह (कक्षा १ देखि १०, कक्षा १ देखि १२) सञ्चालित प्रति विद्यालयलाई रु १५ हजारका दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण लगायतका क्रियाकलाप संचालन गर्नको लागि एकमुष्ट अनुदान दिने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वियन पुस्तिका ०७८।७९ को क्रियाकलाप न.२.७.१३.१० मा उल्लेख छ। पालिकाले यस वर्ष सामजिक तथा आर्थिक लेखापरीक्षण गर्ने ४३ विद्यालयहरुलाइ रु.४७०००० अनुदान निकासा दिएकोमा कुनैपनी विद्यालयहरुले लेखापरीक्षण गराएको प्रमाण पालिकामा उपलब्ध गराएका छैनन्। प्रत्येक वर्ष सामाजिक तथा आर्थिक लेखापरीक्षण कार्यको लागि निकासा दिने लिने तर विद्यालयहरुले परीक्षण गराई पारदर्शिता र जवाफदेहिती मुल्यांकन नगर्ने प्रचलनले विद्यालयको आर्थिक अनुशासन कायम नहुने अवस्था रहेको छ । अत पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न ४३ विद्यालयहरुले लेखापरीक्षण गराएको प्रमाण पेश गर्नु पर्ने रु.</td><td>४७०,०००</td></tr>
<tr><td>१५</td><td></td><td></td><td>कृषि तथा पशुमा अनुदान<br><br>सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ।यस वर्ष कृषि तथा पशु कार्यक्रम अन्तर्गत संचालित केही कार्यक्रमहरु देहायअनुसार छन्।अनुदान वितरण पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन समेत लिनुपर्दछ ।<br>कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेर मात्र अनुदान दिने नीति तय गरेको देखिएन । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।<br><table><tr><td>विवरण</td><td>अनुदान रकम</td></tr><tr><td>व्यवसायीक पशुपालन गाई, भैसी, बाख्रा तथा बङ्गुर सम्बन्धि तालिम</td><td>५०००००</td></tr><tr><td>सुन्तला तथा कागति विरुवा ५० प्रतिशत अनुदान</td><td>१४००००</td></tr><tr><td>आंप तथा लिचिका विरुवा ५० प्रतिशत अनुदान</td><td>२५००००</td></tr><tr><td>मकैको विउ ५० प्रतिशत अनुदान</td><td>३६०९००</td></tr><tr><td>देवचुली महिला कृयक समुह लाइ अदुवा खेति ५० प्रतिशत अनुदान</td><td>४०००००</td></tr><tr><td>ध्रुवतारा महिला कृषक समुह लाइ अदुवा खेति ५० प्रतिशत अनुदान</td><td>४०००००</td></tr><tr><td>सिजन कृषि तथा पशुपक्षीं समुह लाइ अदुवा खेति ५० प्रतिशत अनुदान</td><td>१५४०००</td></tr><tr><td>जम्मा</td><td>२२०४९००</td></tr></table><br>अनुदान वितरण पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन समेत लिनुपर्दछ ।<br>कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आइरहेको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेर मात्र अनुदान दिने नीति तय गरेको देखिएन । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । | |
| १६ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलबभत्ता**<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ ।पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट देहायका विद्यालयलाइ शिक्षक दरवन्दी पर्याप्त नभएको भनि तलवको लागि रकम निकासा गरेको पाईयो । आवश्यक भए दरवन्दी स्वीकृत गर्ने तर्फ पहल गर्नुपर्नेमा दरवन्दीभित्र नपरेका शिक्षकहरुको लागि तलव भत्ता दिने गरी अनुदान उपलब्ध गराएको पाइयो। यस्तो अनुदान दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ। | |

| भौ न/मिति | विवरण | रकम |
|---|---|---|
| १७५।२०७८।११।२३ | बुलिङटार पहाडी क्याम्पस अनुदान | २३६००० |
| ४४।२०७८।७।२८ | बुलिङटार पहाडी क्याम्पस अनुदान | २६६००० |
| ६०।२०७८।८।२० | बुलिङटार पहाडी क्याम्पस अनुदान | २४५००० |
| ४३८।२०७९।३।२३ | बुलिङटार पहाडी क्याम्पस अनुदान | २१६००० |
| १२७।२०७८।९।२६ | शिव मावि अनुदान | ५४४००० |
| २५४।२०७८।१२।२१ | शिव मावि अनुदान | ३०६००० |
| ३२१।२०७९।१।१३ | शिव मावि अनुदान | ४०५८४६ |
| ४३४।२०७९।३।२२ | शिव मावि अनुदान | २४४००० |
| | जम्मा | २४६२८४६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **अनुगमन तथा भ्रमण खर्च** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ।नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ।कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेत यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु.१२ लाख ४० हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, आदि राखेको छैन।जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन।यसमा सुधार गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>स्वास्थ्य सेवा प्रवाहा<br><br>यस पालिका अन्तरगत ११ वटा स्वास्थ्य संस्थामा ४४ जना स्वाथ्य कर्मीको दरबन्दी रहेकोमा २५ जना स्थायी तथा १३ जना करारमा राखि सेवा प्रवाह भएको देखियो । स्वास्थ्य संस्थाले आकस्मिक सेवा,OPD सेवा, भिडियो एक्सरे सेवा,ल्याव सेवा, इ.सि.जि सेवा,परिवार नियोजन सेवा,खोप सेवा,गाउंघर क्लिनिक सेवा,मात्रृ सुरक्षा सेवा,पोषण सेवा दिँदै आएको छ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>दरबन्दी तथा पदपूर्ति<br><br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४३ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।<br>
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालय</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार/राहत</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>छत्तीसा देवी मावि</td><td>११</td><td>११</td><td>५</td><td>२४९</td></tr>
<tr><td>२</td><td>जनजागृति मावि</td><td>७</td><td>७</td><td>४</td><td>१९८</td></tr>
<tr><td>३</td><td>कालिका प्रावि</td><td>३</td><td>३</td><td>२</td><td>२१</td></tr>
<tr><td>४</td><td>महेन्द्र प्रावि</td><td>३</td><td>३</td><td>२</td><td>२२</td></tr>
<tr><td>५</td><td>सृजना प्रावि</td><td>३</td><td>३</td><td>२</td><td>३०</td></tr>
<tr><td>६</td><td>वालविकास प्रावि</td><td>१</td><td>१</td><td>१</td><td>१४</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | जनमैत्री प्रावि | १ | १ | १ | ९ |
| ८ | वडाचुली प्रावि | १ | १ | १ | २ |
| ९ | देववडाचुली मावि | ८ | ८ | ६ | १०२ |
| १० | जीवनज्योति आवि | ५ | ५ | २ | ३१ |
| ११ | झेरीखण्डे आवि | ४ | ४ | २ | ६१ |
| १२ | जनप्रिय आवि | ३ | २ | १ | २४ |
| १३ | शहिदशुक्र प्रावि | ३ | ३ | ३ | २४ |
| १४ | कालीगण्डकी प्रावि | २ | २ | २ | ८ |
| १५ | दिपेन्द्र प्रावि | २ | २ | १ | ९ |
| १६ | सरस्वती प्रावि | ३ | ३ | ३ | ३१ |
| १७ | गोरखनाथ प्रावि | १ | १ | १ | ७ |
| १८ | त्रिभुवन मावि | २० | २० | ५ | ४९३ |
| १९ | वालविद्या मन्दिर | ५ | ५ | ४ | ८९ |
| २० | देवाचुली प्रावि | ४ | ४ | ० | २६ |
| २१ | कालीगण्डकी प्रावि | ४ | ४ | १ | ४१ |
| २२ | बुद्धिविकास प्रावि | ४ | ४ | २ | ५९ |
| २३ | ज्ञानोदय प्रावि | ५ | ५ | ३ | ४४ |
| २४ | जनउत्थान प्रावि | २ | २ | ० | २० |
| २५ | सेतीनाग मावि | ११ | ११ | ७ | २७२ |
| २६ | गोरखकालिका मावि | ७ | ७ | ३ | १६७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | तीनकन्या आवि | ५ | ५ | ५ | ९० |
| २८ | देवचुली आवि | ४ | ४ | ४ | ९० |
| २९ | सूर्यकिरण प्रावि | ३ | ३ | २ | ४८ |
| ३० | रम्भादेवी प्रावि | ४ | ४ | १ | ७९ |
| ३१ | सिद्धबाबा प्रावि | १ | १ | ० | २२ |
| ३२ | नागढुंगा प्रावि | १ | १ | १ | १८ |
| ३३ | दुर्गामाता प्रावि | १ | १ | १ | ७ |
| ३४ | उदय मावि | १० | १० | ६ | २४० |
| ३५ | गोरखनाथ आवि | ६ | ६ | ५ | ७० |
| ३६ | सरस्वती प्रावि | ४ | ४ | २ | ३२ |
| ३७ | शिशुआश्रम प्रावि | २ | २ | २ | १७ |
| ३८ | शिव मावि | १२ | १२ | ११ | ३०५ |
| ३९ | रामशाह आवि | ६ | ६ | ४ | ७४ |
| ४० | कामधेनु प्रावि | ३ | ३ | १ | ५३ |
| ४१ | विष्णु उदय प्रावि | २ | २ | १ | २४ |
| ४२ | वालहित प्रावि | १ | १ | १ | ७ |
| ४३ | शिक्षाज्योति प्रावि | २ | २ | २ | २३ |
| | जम्मा | १९० | १८९ | ११३ | ३२५२ |

| | | | | |
|---|---|---|---|---|
| २० | १९ | २०७८-६-२१ | **बरबुझारथ नगरेको** | १२७,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम१०३ (१) कुनै कर्मचारी सरुवा, बढुवा वा अवकाश वा अध्ययन विदा वा असाधारण बिदा जस्ता लामो बिदामा बस्दा वा अन्य कुनै कारणले आफू कार्यरत कार्यालय छोडी जाँदा वा सो कामबाट अलग हुँदा आफ्नो जिम्मामा रहेको नगद, जिन्सी मालसामान, हालवालालाई वा हालवाला नभएमा कार्यालय प्रमुखले तोकेको कर्मचारीलाई बरबुझारथ गर्नु पर्नेछ र बुझिलिने कर्मचारीले त्यस्तो सम्पत्ति, स्रेस्ता तथा सूचना तुरुन्त बुझिलिनु पर्नेछ। भन्ने व्यवस्था भएकोमा कार्यालय प्रयोजनका लागी पूर्व पालिका अध्यक्ष शशिकिरण वस्ताकोटी को नाममा रहेको A51 ट्याव सेट १ थान रु.४५००० तथा 8t मोवाइल सेट १ थान रु.८२००० को निज को कार्यकाल समाप्त भईसकेको अवस्थामा समेत सो जिन्सी सामान कार्यलयमा बरबुझारथ गरेको पाइएन ।बरबुझारथ गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा अशुल गर्नुपर्ने । | |
| २१ | | | **नगदी रसिदको अवस्था एकिन नभएको**<br><br>पालिकाका विभिन्न वडामा संकलित राजस्व नगदी रसिद मार्फत संकलन गरिदै आएकोमा रसिद नियन्त्रण खाता अद्यावधिक नभएको कारणले पालिकामा आ व २०७८।७९ मा प्रयोग गरी वाँकी रहेका तथा यस वर्ष छपाई भई वितरण गरिएका नगदी रसिद तथा मालपोत रसिद के कति मात्रमा प्रयोगमा आए नआएका सम्वन्धमा एकिन गर्न सकिएन।पालिकाले दिएको जानाकारी अनुसार नगदी रसिदमार्फत संकलन भएको राजस्व रकम वैक स्टेटमेन्टका आधारमा आम्दानी वाधिएकोले संकलन भएको राजस्व सम्वन्धमा यथार्थ हो भनी विस्वस्त हुन सकिएन।पालिकाले रसिद नियन्त्रण खाता अद्यावधिक गरी राजस्वको अभिलेखांकन पद्धतिलाई व्यवस्थित वनाउनुपर्दछ। | |
| २२ | | | **महगीँ भत्ता**<br><br>अर्थ मन्त्रालयको मिति २०७९।०१।२१ को चलानी नम्बर १७१९ को पत्राअनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कार्यालयलाई बोधार्थ दिएको पत्रमा तहाँ मन्त्रालयको पत्र संख्या ७७।७८,चलानी नम्बर १०३,मिति २०७८।३।२४ को पत्र वमोजिम नेपाल सरकार अन्तर्गत विभिन्न निकायको स्वीकृत दरवन्दीमा करारमा कार्यरत कर्मचारीहरुलाई मासिक रुपमा महंगी भत्ता उपलब्ध गराउने सम्बन्धी व्यहोरा पेश हुंदा यस सम्बन्धमा कुनैपनि कानुनी व्यवस्था भएको नपाइएकोले करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने मिति २०७९।०१।१५ को निर्णय अनुसार अनुरोध छ।भन्ने व्यवस्था भएकोले यसरि पालिकाले करारको ४३ जना कर्मचारिलाइ वार्षिक रु८७०००० नियम विपरित भुक्तानी गरिएको रकम अनियमित देखिएको। | ८७०,००० |
| २३ | | | **गरिवि निवारणका लागी लघु उद्यम विकास कार्यक्रम** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरिवि निवारणका लागी लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका ,२०७७ को परिच्छेद १० को २ मा स्थानीय तहमा शाखा तथा उद्यम विकास समितिले कार्यक्रमको नियमित अनुगमन गर्नेछ।उद्यम विकास समितिले गरेको अनुगमनको प्रतिवेदन उद्यम विकास समितिको सदस्य सचिवले कार्यालय समक्ष पेश गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोमा प्रतिवेदन कार्यलयसमक्ष पेश गरेको पाइएन।निर्देशिकामा भएको व्यवस्थाको पालना तर्फ कार्यालयले विशेष ध्यान दिनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>भर्पाइ वेगरको खर्च<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल,भरपाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। देहायका कार्यको भुक्तानीमा भरपाई पेश नभएकोले भरपाइ पेश गर्नुपर्ने रु.
<table>
<tr><td>भौन र मिति</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>१५३।२०७९।३।२१</td><td>आंप अम्रपालि २९०० वटा रु.२९०००० ,लिचि २८०० वटा रु.२१००००</td><td>५०००००</td></tr>
<tr><td>१७५।२०७९।३।२४</td><td>सुन्तला विजु ४५०० वटा रु.१८००००,कागति २५०० वटा रु.१०००००</td><td>२८००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>७८००००</td></tr>
</table></td><td>७८०,०००</td></tr>
<tr><td>२५</td><td>३२३</td><td>२०७९-१-१५</td><td>कर विजक<br><br>मुल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १४ अनुसार कुनै वस्तु वा सेवा आपुर्ति गर्दा तोकिएको ढाँचामा सिलसिलेवार नम्वर राखी कर विजक जारी गर्नुपर्ने व्यवस्था रहेको छ । मेनस्ट्रिम कन्सल्टेन्सी (VAT NO:६०५९३९०८०) मिति २०७८।८।२९ को भ्याट रकम रु.११४८०२ सहित रु.९९७८९९ ले पेश गरेको कर विजक नम्वर हातले लेखेको देखिएकोले आन्तरिक राजश्व कार्यालयवाट मुल्य अभिवृद्ध कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने ।</td><td>११४,८०२</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>अनुत्पादक तथा वितरणमुखी खर्च<br><br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक तथा वितरणमुखी प्रयोजनमा निम्नानुसार रु.१०४९९३७ खर्च लेखी भुक्तानी गरेको देखिन्छ।यसले पालिकालाई व्यभार परेकोले अनियमित देखिएको रु.
<table>
<tr><td>भौ. न / मिति</td><td>खर्चको विवरण</td><td>भुक्तानी रकम रु</td></tr>
</table></td><td>१,०४९,९३७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२३४।२०७८।१२।१६</td><td>ब्लाङ्केट वितरण</td><td>१५३९६२</td></tr>
<tr><td>२९३।२०७८।१२।२९</td><td>मगर सस्कृति पोसाक वितरण</td><td>१९७०००</td></tr>
<tr><td>३९८।२०७९।३।१६</td><td>दामोदर बास्ताकोटी स्मृति पुस्तक छपाई</td><td>६९८९७५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१०४९९३७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>
जिन्सी दाखिला नगरेको<br><br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोमा देहायका विद्यालयहरुले मालसामानहरु खरिद गरी कार्यलयमा प्राप्त भइसकेपछी जिन्सी कितावमा दाखिला गर्नुपर्नेमा दाखिला गरेको पाइएन ।दाखिला प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><td>भौन र मिति</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>४३३।२०७९।३।२२</td><td>गोरखकालि मावि ले खरिद गरेको डेल डेक्सटप ३ थान मनिटर १९ ईन्चको १ थान तथा क्यानोन प्रिन्टर १ थान</td><td>२०००००</td></tr>
<tr><td>१०७।२०७९।३।५</td><td>उदय माविले खरिद गरेको ल्याव टेवल ४।५ को २ थान तथा ल्याव इन्सट्रुमेन्ट र्याक १ थान</td><td>६५०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२६५०००</td></tr>
</table>
</td><td>२६५,०००</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>
विज्ञापनमा छुट/ सहुलियत नलिई थप व्ययभार पारेको<br><br>
गोरखापत्र संस्थान धर्मपथ, काठमाण्डौँले सरकारी विज्ञापन प्रकाशन गर्दा २५ प्रतिशत छुट दिने नीतिगत व्यवस्था गरेको कार्यालयको २०७०।४।२३ को पत्रमा उल्लेख छ । गोरखापत्रवाहेक अन्य प्रकाशन संस्थाले समेत सरकारी सूचना विज्ञापनमा २५ देखि ३५ प्रतिशत सम्म छुट दिने नीतिगत निर्णय गरेको देखिन्छ । यस कार्यालयले विभिन्न खरिद कार्यको वोलपत्र/दरभाउको
</td><td>६०,९०६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सुचना प्रकाशन गरेको उल्लेख गरी विभिन्न विज्ञापन एजेन्सीलाई भुक्तानी गर्दा लिनुपर्ने छुट तथा सहुलियत लिएको देखिएन ।लिनुपर्ने छुट नलिई विज्ञापन खर्च लेखेको कारण थप व्ययभार परेकोले अनियमित देखिएको रु..
<table>
<tr><th>गो.भौ-/मिति</th><th>विज्ञापन एजेन्सीको नाम</th><th>कुल भुक्तानी रकम</th><th>२५ प्रतिशत छुट गर्दा भुक्तानी हुने रकम</th><th>फरक रकम</th></tr>
<tr><td>१४६।२०७८।१०।६</td><td>टीवि मिडिया प्रालि</td><td>१२४८६५</td><td>११०१७५</td><td>१४६९०</td></tr>
<tr><td>८९।२०७८।९।६</td><td>दिलिजेन्स मल्टीमिडिया</td><td>१०७५७६</td><td>९४९२०</td><td>१२६५६</td></tr>
<tr><td>२४४।२०७८।१२।१७</td><td>मध्यविन्दु सञ्चार सेवा</td><td>६७८००</td><td>५०८५०</td><td>१६९५०</td></tr>
<tr><td>११४।२०७८।९।२१</td><td>स्वाभिमान मिडिया</td><td>१४११९३</td><td>१२४५८२</td><td>१६६१०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४४१४३४</td><td>३८०५२७</td><td>६०९०६</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>सफ्टवेयर खरिद-<br><br>१०४/२०७८।१२।१ मा सफ्टवेयर खरिद नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार पारी मानक अनुरूप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनू पर्ने व्यवस्था रहेको छ। पालिकाले स्थानीय व्यवस्थापन प्रणाली सफ्टवेयर खरिद गरी रु. १८८२६१२।– खर्च गरेकोमा खरिद भएको सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई र आवस्यकताको आधारमा मात्र खरिद गर्नुपर्दछ । पालिकाले कार्यालयको लागि आवश्यक भनि स्थानीय व्यवस्थापन प्रणाली सफ्टवयर तयार गर्नको लागि मिति २०७८।७।१२ मा PWnbet सँग सम्झौता गरी सम्झौता बमोजिमको रकम उपलब्ध गराएकोमा सो सफ्टवेयर प्रयोगमा रहेको देखिएन ।अत:सम्झौताको बुँदा नं. ४ मा स्थानीय व्यवस्थापन प्रणाली निर्माण एवं सञ्चालन भै सकेपछि सञ्चालन, मेन्टीनेन्स तथा टेकनिकल सर्पोट बापत पालिकाले वार्षिक सम्झौता रकमको २० प्रतिशत शुल्क दिनेगरी भएको सम्झौतामा उक्त सफ्टवेयर प्रयोग भएको नदेखिएकोले सो को वार्षिक शुल्क भूक्तानी गर्दा सञ्चालन भए नभएको एकिन गरेर मात्र भूक्तानी दिनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>आयतर्फ-</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०.१</td><td></td><td></td><td>गाउँपालिकाले आर्थिक वर्ष २०७७।०७८ मा दहत्तर बहत्तर बापत रु. ३००६२७१।– आम्दानी गरेकोमा आ.व. २०७८।०७९ मा रु. ९२८३८०।– मात्र आम्दानी गरेको देखियो यस सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार छन् ।<br><br>क) पालिकाले राष्ट्रिय गौरबको आयोजना कालिगण्डकी करिडोरको लागि आवश्यक ढुङ्गा, गिट्टि, बालुवा निकाल्न आ.व २०७७/७८ मा EKK Infrastructure Limited लाई परिमाण तोकी अनुमति दिएको र सोही बमोजिम राजस्व लिएको देखियो । अदालतमा कालिगण्डकी नदी डाईभर्सन सम्वन्धी मुद्धाको कारण नदिजन्य पदार्थ उत्खननमा रोक लगाएकोले वातावरणिय प्रभाव मुल्याङन् (IEE) गरी पालिका क्षेत्रभित्र निर्माणाधिन विकास आयोजना तथा आवास निर्माण प्रयोजनको लागी आवस्यक नदिजन्य पदार्थ देवसत खोला, फुलमादी खोला र निरन्दी खोलाहरुमा गण्डकी प्रदेश सरकारले तोकेको प्रति घनमिटर रु २५० का दरले उत्खनन् गर्न दिने कार्यपालिकाको निर्णय बमोजिम आवश्यक ढुङ्गा, गिट्टी, बालुवा निकालिएकोमा के कति परिमाण निकालियो भन्ने प्रतिवेदन पेश नभएको साथै पालिका क्षेत्रभित्र ४० कि.मि. कालिगण्डकी करिडोर सडक खण्डमा आवश्यक ढुङ्गा, गिट्टी, बालुवा सोही कालीगण्डकी क्षेत्रबाट समेत प्रयोग भए नभएको पालिकाले एकिन गर्नुपर्ने ।</td><td></td></tr>
<tr><td>३०.२</td><td></td><td></td><td>ख) पालिकाले विभिन्न मितिमा निम्न बमोजिमको परिमाणमा राष्ट्रिय गौरबको आयोजना कालिगण्डकी करिडोरको लागी आवश्यक ढुङ्गा, गिट्टि, बालुवा उत्खनन गर्न EKK Infrastructure Limited लाई पालिकाले निम्नानुसार अनुमति दिएकोमा प्रति घनमिटर रु. २८२।५० (मु.अ.कर समेत) का दरले संकलन गरी राजश्व रु. १२७१२५०।– असूल गर्नुपर्नेमा रु. ९२८३८०।– मात्र दाखिला गरेको देखिएकोले नपुग रकम रु. ३४२८७०।–असूल गर्नुपर्ने रु.
<table>
<tr><th>सि. नं</th><th>निर्णय मिति</th><th>घाट। खोलाको नाम</th><th>परिमाण (घनमिटर)</th><th>रकम</th></tr>
<tr><td>१</td><td>२०७८।१०।२०</td><td>निरन्दी खोला</td><td>१५००</td><td>४२३७५०</td></tr>
<tr><td>२</td><td>२०७९।१।१६</td><td>फूलमादि खोला</td><td>१५००</td><td>४२३७५०</td></tr>
<tr><td>३</td><td>२०७९।१।१६</td><td>देवसत् खोला</td><td>१५००</td><td>४२३७५०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४५००</td><td>१२७१२५०</td></tr>
<tr><td colspan="4">दाखिला रकम</td><td>९२८३८०</td></tr>
<tr><td colspan="4">बाँकी असूल गर्नुपर्ने</td><td>३४२८७०</td></tr>
</table></td><td>३४२,८७०</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>खानेपानी संरचना निर्माण-</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बुलिङटार खानेपानी आयोजना (08.BRM/NAW/2075-76) कार्यालयले मिति २०७५।१०।१८ मा रु. ५५५८०४२।९८ खानेपानी संरचना निर्माण कार्य सम्पन्न गर्नेगरी देवचुली निर्माण सेवासँग भएको सम्झौतामा निम्न व्यहोरा देखियो।<br><br>क)सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ उपदफा २(ङ) वमोजिम खरिद सम्झौताका बखत आर्पूर्ति समय, कार्य सम्पादन गर्नुपर्ने समय वा म्याद थप गर्न सकिने नसकिने व्यवस्था खुलाउनु पर्नेमा कार्यालयले काम सम्पन्न गर्नुपर्ने अवधि र म्याद थप हुने नहुने समेत नखुलाएको अवस्थामा पटक पटक म्याद थप गरी अन्तिम म्याद मिति २०७८ चैत्र मसान्त सम्म रहेको देखियो ।<br><br>ख)आयोजनाको लागि आवश्यक पाइप तथा फिटिङ पालिकाले उपलब्ध गराउने र पाइप जडान तथा अन्य संरचना निर्माण कार्य निर्माण व्यवसायी देवचुली निर्माण सेवाले गर्ने सम्झौता बमोजिम योजनाको लागि आवश्यक पाइप रकम रु. २५२४५८०।– को गो.भौ.नं. ५०।०७५।१२।२० बाट खरिद गरिएकोमा पाइपहरु जडान नभएको साथै मौज्दात पनि नदेखिएको तथा निर्माण व्यवसायीले २०७९।३।२५ दिएको निवेदनमा उपलब्ध गराएका सामाग्री योजनामा जडान गरिएकोले रु. ३२९९९२४।२० भूक्तानीको लागि अनुरोध गरेकोमा सो रकम भूक्तानी भएको देखियो । आयोजना अलपत्र रहेको तथा आयोजनाका लागि खरिद भएका पाइप तथा फिटिङ मौज्दात पनि नरहेको तथा योजना पनि सम्पन्न नभएकोले उक्त पाइप तथा फिटिङ कहाँ कसरी प्रयोग भएको हो पालिकाले एकिन गर्नुपर्ने देखियो । | |
| ३२ | | | **पाइप जडान-**<br><br>(३६०।२०७९।३।२४) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार नियमावली बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गरेर मात्र खर्च लेख्नु पर्नेमा गाउँपालिकाले न्यौपाने हार्डवेयर पसलको बिजकको आधारमा पाईप खरिद भएको विजक संलग्न गरी दमार कुलो निर्माण उपभोक्ता समितिलाई HDPE pipe 160 mm, 6kg/mc2 को प्रति मिटर रु. १६६४।०७ का दरले १५०० मिटरको रु. २४,९६,०९९।३७ भूक्तानी गरेको देखियो । खरिद भएको पाइप मध्ये ३५० मिटर मात्र जडान गरिएकोमा रु १९,१३,६००।०० को बाँकी ११५० मिटर पाईप जडान भएको प्रमाण पेश गर्नुपर्ने रु. | १,९१३,६०० |
| ३३ | | | **खर्चको पुष्ट्याइ-** | २,२१९,५६६.४३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गरेर मात्र खर्च लेख्नु पर्नेमा पालिकाले सडक मर्मत तथा सरसफाइ कार्यका लागि रकम रु. १३,१९,५६६।०० भूक्तानी गरेकोमा सडक खण्ड अन्तर्गत पहिरो तथा सडकमा रहेको अबरोध हटाएको भनि खर्च लेखिएकोमा सडक खण्ड अन्तर्गतका चेनेज नखुलेको कारण खर्च यकिन हुन सकिएन ।अत: चेनेज खुलेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><td>गो.भौ र मिति</td><td>विवरण</td><td>भूक्तानी रकम</td></tr>
<tr><td>७४।२०७८।१०।१८</td><td>वडा नं. ५ अन्तर्गतका सडक मर्मत तथा सरसफाइ</td><td>839996.43</td></tr>
<tr><td>७६।२०७८।१०।२३</td><td>वडा नं. ३ अन्तर्गतका सडक मर्मत तथा सरसफाइ</td><td>1080952</td></tr>
<tr><td>९४।२०७८।११।२९</td><td>वडा नं. ५ अन्तर्गतका सडक मर्मत तथा सरसफाइ</td><td>298618</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>2219566.43</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>एम्बुलेन्स सञ्चालन-<br><br>पालिकाले आर्थिक वर्ष २०७७।०७८ मा एम्बुलेन्स खरिदको लागी नेपाल रेडक्रस सोसाइटी उपशाखा बुलिङटारलाई रु. ११०००००।– पेश्की उपलब्ध गराई एम्बुलेन्स खरिद गरी संचालनमा रहेको देखियो। एम्बुलेन्स चालकको पारिश्रमिक तथा भत्ता समेत आ.व. २०७८।०७९ मा रु. ३१२०००।– उपलब्ध गराएकोमा एम्बुलेन्स बाट भएको आम्दानी नेपाल रेडक्रस सोसाइटी उपशाखा बुलिङटारले गाउँपालिकामा जम्मा गरेको देखिएन अत: एम्बुलेन्स बाट भएको आम्दानी गाउँपालिकाले एकिन गरी लिनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>जनश्रमदान-<br><br>गण्डकी प्रदेश उपभोक्ता समिति गठन, परिचालन, तथा ब्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५ को दफा ६. (१) बमोजिम कार्यालयले प्रत्येक आर्थिक वर्षको शुरुमा उपभोक्ता समितिबाट संचालन हुने आयोजना परियोजना र कार्यक्रमहरु पहिचान छनौट गरि कार्यान्वयन योजना बनाउनुपर्ने उपभोक्ता समिति गठन पश्चात आयोजनाको ड्रइङ डिजाइन र लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिलाई उपलब्ध गराउनु पर्ने । तथा ६ (२) बमोजिम आयोजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्ने र ६(३) च बमोजिम पूर्वाधार निर्माण संग सम्वन्धित कार्यमा उपभोक्ता समितिको लागत सहभागिता सम्झौता रकमको कम्तीमा १० प्रतिशत हुनुपर्नेछ भन्ने ब्यवस्था भएकोमा गाउँसभा २०७८।३।१० को निर्णय नं. १६ मा गाउँपालिकाले २०७८।०७९ मा सञ्चालन हुने सम्पूर्ण योजना तथा कार्यक्रमहरुमा ५ प्रतिशत</td><td>८,२३९,३५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मात्र जनश्रमदानको अंश लिने गरी निर्णय गरेको देखियो । आ.व. २०७७।७८ सम्म जनश्रमदानको अंश १० प्रतिशत रहने गरेको र सोही जनश्रमदानमा योजनाहरु सम्पन्न भएको देखियो । अतः आ.व. २०७८।०७९ मा जनश्रमदान को अंश ५ प्रतिशत कायम गरिंदा विभिन्न कार्यक्रम सञ्चालनमा खर्च भएको रकम रु. १६,४७,८५,०००।– ५ प्रतिशत ले हुने जनसहभागिताको अंश रकम रु. ८२,३९,२५०।– पालिकाले बढी भूक्तानी गरी योजनाहरुमा थप ब्ययभार पारेको अनियमित देखिएको रु . | |
| ३६ | | | **हेभि मेशिन प्रयोग-**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर ग्रेडर बिटुमिन डिष्ट्रीब्युटर, विटुमिन ब्वाईलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न सकिने छैन भन्ने ब्यवस्था भएकोमा नमुना छनौटको आधारमा केही भौचर छनौट गरिएको पालिकाले विभिन्न सडक खण्डमा पहिरो हटाउने तथा सडकको अन्य सरसफाइ कार्यको लागि रकम रु. २८१८५७२।१२ भूक्तानी गरेकोमा नियमावलीको पालना भएको देखिएन । | |

| गो.भौ./मिति | कामको विवरण | निर्माण व्यवसायी | बढि भूक्तानी |
|---|---|---|---|
| ७४।०७८।१०।१८ | सडक मर्मत तथा सरसफाइ वडा नं. ५ | भजानन्द कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ७४३३५९।६८ |
| ७६।०७८।१०।२३ | सडक मर्मत तथा सरसफाइ वडा नं. ३ | सगुन निर्माण सेवा प्रा.लि. | ९८७८२७।६७ |
| ९४।०७८।११।२९ | सडक मर्मत तथा सरसफाइ वडा नं. ५ | सगुन निर्माण सेवा प्रा.लि. | २७३२२८।९३ |
| ९५।०७८।११।२९ | सडक मर्मत तथा सरसफाइ वडा नं. २ | खण्डलुक कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ८१४१५५।८४ |
| जम्मा | | | २८१८५७२।१२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **बैंक खाताबाट अनिवार्य भुक्तानी-**<br><br>आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यको नं. १८३ वाट राज्यकोषवाट हुने तलव, भत्ता लगायतका सबै भुक्तानी सम्वन्धित व्यक्ति तथा संस्थाको वैंक खाता मार्फत हुने व्यवस्था गरिएको, अर्थ मन्त्रालयको प.सं. २०७४।०७५ मार्गदर्शन च.नं. १०९६ मिति २०७४।०२।१६ को पत्रको प्रवरण ४४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैंक खाता खोल्ने व्यवस्था मिलाई सो वापतको रकम बैंक खातामा जम्मा गरी भुक्तानी दिन निर्दिष्ट गरिएको तथा श्रमिकले पाउने पारिश्रमिक रोजगारदाता कम्पनीले अनिर्वाय बैंक खाताबाट भुक्तानी गर्नुपर्ने । नेपाल सरकार, प्रदेश तथा स्थानीय तह, विश्वविद्यालय, नेपाल सरकारको पूर्ण | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वा आंशिक स्वामित्व भएका संस्थान, समिति, परियोजना, प्रतिष्ठान र मातहतका निकायमा काम गर्ने सबै श्रमिक तथा कर्मचारीको पारिश्रमिक एवं वित्तीय सुविधा २०७५ श्रावण १ बाट बैंकिङ च्यानल बाट भुक्तानी गर्नु पर्ने ब्यवस्था भएकोमा गाउँपालिकाले उपभोक्ता समिति मार्फत भएको कामको भुक्तानी दिंदा दैनिक ज्यालादारी रकम एकमुष्ट रु ३०४१००।– भुक्तानी गर्दा समेत बैंकिक खाता मार्फत भुक्तानी भएको नदेखिएकोले यसमा सुधार गर्नु पर्दछ, केही उदाहरण निम्नानुसार छन् | |
| ३८ | | | **अधुरो योजना-** गाउँपालिकाले अधुरो निर्माण कार्यको काम गर्दा सम्पुर्ण कार्यको एक मुष्ट लागत अनुमान DPR तयार गरी विगतमा भएको कामको मुल्याँकन तथा नाप जाँच अनुरूप भुक्तानीको अधारमा रकम कट्टा गरी बाँकी रकम मात्र भुक्तानी दिनु पर्नेमा विगतको कामको भुक्तानी कट्टा गरी वाँकी कामको नाप जाँच गरी भुक्तानी दिनुपर्नेमा पालिकाले विभिन्न योजना अधुरो रहेको प्राविधिक प्रतिवेदन र उपभोक्ता समितिको ठेक्का विलको आधारमा रकम भूक्तानी गरेकोले गत विगतमा भूक्तानी भएको रकम र बाँकी गर्नुपर्ने कामको विवरण नखुलेको अवस्थामा अधुरो भवन निर्माणका लागि भूक्तानी भएको रकम रु. २०५५००७।०० अनियमित देखिएको रु. | २,०५५,००७ |

| गो.भौ. र मिति | कामको विवरण | भूक्तानी लिनेको नाम | भूक्तानी रकम |
|---|---|---|---|
| ३४१।०७९।३।२३ | भेल्लौरी युवा क्लव भवन निर्माण उ.स. | अन्तनारायण थापा समेत ५ जना जनही २३०००।– | 115000 |
| | | मन बहादुर कुमाल समेत १० जना जनही १८४६०।- | 184600 |
| ३४३।०७९।३।२३ | डाँडाथोक सामुदायिक भवन उ.स. | हुसेन अन्सारी समेत ७ जना जनही ३१७७५।– | 222425 |
| | | तिलक जर्घा समेत १० जना जनही ३०४७५।- | 304100 |
| ३४४।०७९।३।२३ | मथार कृषि सडक उ.स. | टेक प्रसाद रानाभाट समेत ९जना जनही २०००।– | 18000 |
| | | राजेन्द्र भाट समेत १४ जना जनही १४२००।- | 198800 |
| जम्मा | | | 1042925 |

| गो.भौ र मिति | व्यहोरा | उ.स. को नाम | भूक्तानी रकम |
|---|---|---|---|
| ३७३।२०७९।३।२४ | थामवेसी स्पोर्टस क्लब निर्माण | थामवेसी स्पोर्टस क्लव | 1404466 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३२०।२०७९।३।२२</td><td>दरै समाज अधुरो भवन उपभोक्ता समिति</td><td>दरै समाज अधुरो भवन उपभोक्ता समिति</td><td>650541</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२०५५००७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>न्यून प्रगति-<br><br>गाउँपालिकाले मिति २०७९।१।१२ सम्म कार्यसम्पन्न गर्नेगरी मिति २०७७।१०।११ मा पुँदी थामवेसी खानेपानी आयोजनाको निर्माण कार्यको लागि रु. २,११,१६,९८५।४८ मु.अ.कर समेत मा कृपा/देवचुली जे.भि. सँग सम्झौता गरेकोमा लेखापरीक्षण अवधिसम्म रु ३५,८९,८८७।५३ भुक्तानी भै प्रगति १७ प्रतिशत देखियो । दुइ पटक म्याद थप गरी मिति २०७९।१२।३० सम्म समय दिएकोमा कार्य प्रगती न्यून देखिएकोले तोकिएको समयमा काम सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>सामाजिक सुरक्षा तर्फः</td><td></td></tr>
<tr><td>४०.१</td><td></td><td></td><td>भत्ता वितरण- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीलाइ सामाजिक सुरक्षा भत्ता वापत यस वर्ष कूल रु. ७१४८१३९४।- वितरण गरेको छ । लेखापरीक्षण योजना अनुसार सबै भन्दा बढी भत्ता वितरण गरिएको २ वटा वडाहरु वडा नं ३ र ६ को परीक्षण गरिएकोमा निम्न व्यहोरा देखियोः
<table>
<tr><td colspan="9">जिल्ला : नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गा.पा/न.पा. : बुलिङ्टार आर्थिक वर्ष : २०७८/७९</td></tr>
<tr><td rowspan="2">वर्ग</td><td colspan="2">पहिलो त्रैमासिक</td><td colspan="2">दोस्रो त्रैमासिक</td><td colspan="2">तेस्रो त्रैमासिक</td><td colspan="2">चौँथो त्रैमासिक</td></tr>
<tr><td>कायम</td><td>रकम</td><td>कायम</td><td>रकम</td><td>कायम</td><td>रकम</td><td>कायम</td><td>रकम</td></tr>
<tr><td>अन्य जेष्ठ नागरिक भत्ता</td><td>७९१</td><td>९३५७०६६</td><td>७७७</td><td>९२३०१५२</td><td>७८९</td><td>९३३५२१३.</td><td>८२४</td><td>९७६८००३.</td></tr>
<tr><td>जेष्ठ नागरिक भत्ता (दलित)</td><td>१५१</td><td>११९९६६०</td><td>१६०</td><td>१२६६०४१</td><td>१६३</td><td>१२८५१४७</td><td>१५२</td><td>११९४३४०</td></tr>
<tr><td>जेष्ठ नागरिक एकल महिला</td><td>१७९</td><td>१४१४५८८</td><td>१८३</td><td>१४६८३२०</td><td>१८३</td><td>१४५७६८०</td><td>१८१</td><td>१४३४३४१</td></tr>
<tr><td>जेष्ठ नागरिक क्षेत्र तोकिएका</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेका</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>विधवा</td><td>२३४</td><td>१८३७५२८</td><td>२४७</td><td>१९७६३८०</td><td>२५१</td><td>१९९५०००</td><td>२५३</td><td>१९७३७२०</td></tr>
<tr><td>न्यायीक पृथकीकरण गरी बसेका</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>पूर्ण अपाङ्गता भत्ता</td><td>१०२</td><td>१२०३३८४</td><td>१०७</td><td>१२९२७६०</td><td>१०६</td><td>१२६८८२०</td><td>१०३</td><td>१२२९१६९.</td></tr>
<tr><td>अति अशक्त अपाङ्गता भत्ता</td><td>३३८</td><td>२०९९०३२</td><td>३६७</td><td>२३३८६७२.</td><td>३६१</td><td>२३९१८७२</td><td>३९०</td><td>२४६८८९१.</td></tr>
<tr><td>क्षेत्र तोकिएका बालबालिका</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>लोपन्मूख बालबालिका</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>दलित बालबालिका</td><td>१७४</td><td>२६८६२४.</td><td>१७६</td><td>२६३२३२.</td><td>१७१</td><td>२६६१५१.</td><td>१७३</td><td>२६००००.</td></tr>
<tr><td>आफ्नो हेरचाह आफै गर्न नसक्नेलाई स्याहार भत्ता</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>लोपन्मुख जाति</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>१९६९</td><td>१७३७९८८२</td><td>२०१७</td><td>१७८३५५५७</td><td>२०२४</td><td>१७९९९८८३</td><td>२०७६</td><td>१८३२८४६४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०.२</td><td></td><td></td><td>निष्कृय खाता तथा लगत कट्टा- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंकले खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भूक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । वैंकले निष्कृय खाता, डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकाले वितरित रकम यकिन हुन सकेन । पालिकाले वैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४०.३</td><td></td><td></td><td>नागरिकता नम्बर दोहोरो- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १२ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह,विभाग र बैंक/वित्तीय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ। लेखापरीक्षण योजना अनुसार सबैभन्दा बढी सामाजिक सुरक्षा भत्ता वितरण भएका वडाहरु ३ र ६ को परीक्षण गर्दा पालिकाले तपशिलको व्यक्ति/ लाभग्राहीहरूलाई नागरिकता नम्बर दोहोरो उल्लेख गरी सामाजिक सुरक्षा भत्ता वापत रु.४६४७०४।- भुक्तानी गरीएको छ। के कसरी नागरिकता नम्बर दोहोरो भएको हो पालिकाबाट यकिन गर्नुपर्दछ । साथै अन्य वडाहरुमा लाभग्राहीको विवरण समेत अद्यावधिक र यकिन गरी भत्ता वितरण गरिनुपर्दछ ।

| Social Assistance Type Name | Ward | Personal Id | Member Name | Gender | Birth Date BS | Citiz No. | Bank A/c | Amount |
|---|---|---|---|---|---|---|---|---|
| Senior citizen’s allowance-70 above | 3 | 2000123386235 | tikaram ranabhat | MALE | 30-12-2000 | 1855 | 079006112Z | 48000 |
| Severely Disabled Grant | 3 | 2029050501359 | remal sing jarga | MALE | 5-5-2029 | 1855 | 079008842Z | 25536 |
| Senior citizen’s allowance-70 above | 3 | 2004010109262 | Chijmaya Wagle | FEMALE | 1-1-2004 | 2718 | 079006002Z | 48000 |
| Senior citizen’s allowance-70 above | 3 | 2002123311676 | bhansham bastakoti | MALE | 30-12-2002 | 2718 | 079006402Z | 48000 |
| Severely Disabled Grant | 3 | 2037071400634 | yanu maya` kumal | FEMALE | 13-07-2037 | 363001461 | 079020332Z | 25536 |
| Severely Disabled Grant | 3 | 2051082301053 | puja bhandari | FEMALE | 23-08-2051 | 363001461 | 079008722Z | 25536 |
| Widow | 3 | 2030102000392 | Bisnumaya Kumal | FEMALE | 20-10-2030 | 363001665 | 079008112Z | 31920 |
| Severely Disabled Grant | 3 | 2025010203094 | pream kumari thada magar | FEMALE | 02-01-2025 | 363001665 | 079022692Z | 25536 |
| Senior citizen’s allowance-70 above | 3 | 2007022301322 | rima kumal | FEMALE | 23-2-2007 | 60943 | 079006822Z | 48000 |
| Senior citizen’s allowance-70 above | 3 | 1998010117566 | Rikhi Kumal | FEMALE | 1-1-1998 | 60943 | 079006832Z | 48000 |
| Senior citizen’s allowance-70 above | 6 | 2008010108745 | Man Kumari Kumal | FEMALE | 01-01-2008 | 78009 | 079015812Z | 48000 |
| Senior citizen’s allowance-70 above | 6 | 2007021102788 | Rape Rana Bhat | MALE | 11-02-2007 | 78009 | 079021422Z | 32000 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>Senior Citizen's Single women</td><td>3</td><td>2017081004493</td><td>lila kumal</td><td>FEMALE</td><td>16-08-2017</td><td>1871209</td><td>079022802Z</td><td>2660</td></tr>
<tr><td>Senior Citizen's Single women</td><td>3</td><td>2017081601108</td><td>lila kumal</td><td>FEMALE</td><td>16-08-2017</td><td>1871209</td><td>079022462Z</td><td>7980</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>Total</td><td>464704</td></tr>
</table>
</td><td></td></tr>
</table>